# समता लघुवित्त वित्तीय संस्था लिमिटेड

# Samata Laghubitta Bittiya Sanstha Ltd.

Microfinance
URL : www.samata.org.np
Email :samata@samata.org.np
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय : जीतपुरसिमरा उमपा-२, सिमरा, बारा, फोन नं. : ०५३-५२१९२१

*Boosting Agriculture............. Thinking Food Security & Poverty Reduction*

## Unaudited Financial Results (Quarterly)

**As at the Quarter (Poush end) of the fiscal year 2077/078**

*Fiscal Year: 2077/078* *Quarter: 2nd Qtr* *(Rs. in '000)*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2,310,605.87** | **2,087,121.44** | **1,825,281.66** |
| 1.1 | Paid-up Capital | 229340.16 | 229340.16 | 191,116.80 |
| 1.2 | Reserves and Surplus | 106470.34 | 125167.07 | 91,501.14 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 1087604.27 | 984131.31 | 842,289.24 |
| 1.5 | Deposits (a+b) | 771,734.46 | 657,689.93 | 602,332.04 |
| | a. Domestic Currency | 771734.46 | 657689.93 | 602,332.04 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | | | |
| 1.7 | Other Liabilities | 115456.65 | 90792.97 | 98,042.45 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **2,310,605.87** | **2,087,121.44** | **1,825,281.66** |
| 2.1 | Cash & Bank Balance | 178,951.31 | 174,561.41 | 91,722.25 |
| 2.2 | Money at call and short Notice | | | |
| 2.3 | Investments | 500.00 | 500.00 | 500.00 |
| 2.4 | Loans & Advances | 2,070,418.02 | 1,833,441.49 | 1534340.40 |
| 2.5 | Fixed Assets | 11,191.71 | 11,042.88 | 11227.07 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 49,544.83 | 67,575.66 | 187491.95 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 123,282.02 | 49,720.39 | 127414.64 |
| 3.2 | Interest Expense | 60,960.16 | 32,739.37 | 72606.55 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **62,321.85** | **16,981.02** | **54,808.10** |
| 3.3 | Fees Commission and Discount | | | |
| 3.4 | Other Operating Income | 17,933.85 | 5,000.22 | 25433.15 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **80,255.71** | **21,981.24** | **80,241.25** |
| 3.6 | Staff Expenses | 22,287.31 | 12,041.97 | 22304.93 |
| 3.7 | Other Operating Expenses | 11,466.93 | 4,036.74 | 8143.62 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **46,501.47** | **5,902.53** | **49,792.70** |
| 3.8 | Provision for Possible Loss | | 14,140.90 | 35162.20 |
| **D** | **Operating profit (C-3.8)** | **46,501.47** | **(8,238.38)** | **14,630.49** |
| 3.9 | Non Operating Income/Expenses (Net) | | | - |
| 3.1 | Write Back of Provision for Possible Loss | 10,719.20 | 25,823.84 | 25,953.99 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **57,220.67** | **17,585.46** | **40,584.49** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **57,220.67** | **17,585.46** | **40,584.49** |
| 3.12 | Provision For Staff Bonus | 5,201.88 | 1,598.68 | 3,689.50 |
| 3.13 | Provision For Tax | 15,605.64 | 4,796.03 | 11,068.50 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **36,413.15** | **11,190.75** | **25,826.49** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 15.40% | 19.02% | 17.12% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 3.42% | 1.69% | 1.68% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 50.65% | 107.30% | 83.41% |
| 4.4 | Cost of Funds | 6.13% | 6.45% | 12.38% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 187.36% | 179.11% | 173.59% |

***Note : Above position & performance are subject to change if instructed by statutory auditor and regulatory authority***

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को
अनुसूची १४ (नियम २६ को उपनियम १ संग सम्बन्धित)

**आ.व. २०७७/०७८ को दोश्रो त्रैमासिक प्रतिवेदन**

**१. वित्तीय विवरण :**

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।**

**ख) प्रमूख वित्तीय अनुपातहरु:**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (बार्षिकमा) | ३१।७५ | प्रति शेयर नेटवर्थ | १४६।२५ |
| तरलता अनुपात | ९।०८ | मुल्य आम्दानी अनुपात | २०।७८ |

**२. व्यवस्थापकिय विश्लेषण :**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्वन्धी विवरण :**

आम-जनमानसमा हाल कोरोना भाइरस (कोभिड-१९) को भय केहि हदसम्म कम हुदै गईरहेको भएता पनि ग्राहक सदस्यहरुको आर्थिक अवस्थामा भने अझै पनि उल्लेखनिय सुधार हुन सकेको छैन । दैनिक व्यापार, व्यवसाय, ज्याला मजुदुरी लगायत सम्पूर्ण आर्थिक क्रियाकलापहरुले अझै गति लिन नसकिरहेको अवस्थाको कारण ग्राहक सदस्यहरुको नियमित कर्जा भुक्तानी क्षमतामा समेत अपेक्षिकृत सुधार हुन सकेको देखिदैन । जसको कारण यस त्रैमासमा व्यवस्थापन पक्षले अपेक्षा गरे अनुरुप साँवा र व्याज असुल हुन नसकि भाखा नाघेको कर्जाको अनुपातमा केहि मात्रा बृद्धि हुनुको साथै संस्थाको कुल मौज्दात र तरलतामा समेत सन्तोषजनक परिवर्तन हुन सकेन । जसलाई चालु त्रैमासमा व्यवस्थापन गर्ने रणनीतिको साथ व्यवस्थापन पक्ष अघि बढिरहेको छ ।

**ख. आगामी अवधीको व्यवसायिक योजना सम्वन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**

व्यवसायिक योजना अनुरुप कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण आर्थिक अवस्था कमजोर भएका ग्राहक सदस्यहरुको आर्थिक अवस्था सुदृणीकरणको लागि वित्तीय संस्था प्रतिवद्ध रहेको छ । वित्तीय पहुँचबाट बञ्चित समुदायहरुलाई बचत, कर्जा, ग्राहक संरक्षण तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित विविध प्रकारको वित्तीय तथा गैर वित्तीय सेवाहरु प्रदान गर्दै लैजाने योजना संस्थाको रहेको छ । त्यसका साथै वित्तीय संस्थालाई राष्ट्रियस्तरको सक्षम एवम् दरिलो लघुवित्त संस्थाको रुपमा पहिचान गराउन काभ्रेपलाञ्चोक, बनेपा स्थित घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडसँगको गाभ्ने/गाभिने (मर्जर) प्रक्रिया अन्तिम चरणमा रहेको छ । साथै आगामी दिनमा संस्थालाई थप मजबुत बनाउने उद्देश्यले मर्जर तथा प्राप्ति जस्ता कार्यलाई निरन्तरता दिई ग्राहक सदस्यहरुलाई सर्वसुलभ एवम् गुणस्तरीय वित्तीय तथा गैर वित्तीय सेवाहरु प्रदान गर्ने योजनाको साथ संस्था अघि बढिरहेको छ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवश्था आदि भएमा सो सम्वन्धी विश्लेषणात्मक विवरण :**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) नियन्त्रणको लागि नेपाल सरकारद्धारा जारी झन्डै ४।५ महिना लामो देशव्यापी बन्दाबन्दी तथा जिल्लाको संक्रमण अवस्थालाई मध्यनजर गर्दै स्थानीय प्रशासनद्धारा बेला बेलामा जारी निषेधाज्ञाको कारण ग्राहक सदस्यहरुको व्यापार, व्यवसाय तथा कृषि क्षेत्र नराम्रो सँग प्रभावित भई संस्थाद्धारा हुने नियमित वित्तीय कारोवारमा समेत प्रत्यक्ष असर पारेको छ भने आगामी दिनमा पनि यस्को दीर्घकालिन असर पर्न सक्ने देखिन्छ । यसले गर्दा यस त्रैमासमा व्यवस्थापन पक्षले अपेक्षा गरे अनुरुप कर्जा लगानी हुन नसक्नुको साथै उठ्नु पर्ने कर्जाको साँवा र व्याज समेत नियमित रुपमा असुली हुन नसक्दा यस त्रैमासको संचालन मुनाफा व्यवस्थापन पक्षले अपेक्षा गरे अनुरुप हुन सकेन । यसका साथै पछिल्लो समय नियामक निकायद्धारा लघुवित्त संस्थाहरुलाई निर्धारण गरेको व्याजदर सिमाको कारण आगामी दिनमा संस्थाको व्याज आम्दानी प्रभावित हुने देखिन्छ भने लघुवित्त संस्थाको संख्यामा भएको वृद्धि सगै बढ्दै गएको अस्वस्थ्य प्रतिस्पर्धाको कारण समेत नकारात्मक प्रभाव रहेता पनि संस्थाले आफ्नो व्यवसायमा देखापरेको यस्ता नकारात्मक प्रभावहरुको शूक्ष्म अध्ययन गरी दैनिक वित्तीय क्रियाकलापमहरुलाई अघि बढाउने लक्ष्य राखेको छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

यस अवधिमा कानूनी कारवाही सम्बन्धी कुनै किसिमको मुद्दा दायर नभएको ।

**४. लघुवित्त वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :**

क) धितोपत्र विनियम बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण गर्ने हुदाँ यस सम्बन्धमा व्यवस्थापन पक्षको कुनै टिप्पणी छैन ।

ख) नेपाल स्टक एक्सचेन्जको वेवसाइट अनुसार यस त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोबार निम्न अनुसारले भएको देखिन्छ।

| अधिकतम मुल्य | न्यूनतम मुल्य | अन्तिम मुल्य | कारोवार भएको दिन | कारोवार संख्या | कुल कारोवार शेयर संख्या |
|---|---|---|---|---|---|
| | | रु. ६६० | | | |

मिति २०७७/०३/०१ गते घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडसँग मर्जर सम्झौता पश्चात् नियमानुसार हाल शेयर कारोवार रोक्का गरिएको छ ।

**५. समस्या तथा चुनौती :**

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को नियन्त्रणको लागि केन्द्रीय सरकार तथा स्थानीय प्रशासनले जारी गरेको बन्दाबन्दी तथा निषेधाज्ञको कारण ठप्प आर्थिक गतिविधिहरुलाई सक्रिय बनाई लघुवित्त कार्यक्रममा आवद्ध न्यून आयस्तर भएका ग्रामिण महिलाहरुको आर्थिक अवस्थामा सुधार ल्याई नियमित रुपमा लघुवित्त कार्यक्रम संचालन गरी पहिले कै अवस्थामा निरन्तरता दिन र थप कार्यक्रमहरु विस्तार गरी अघि बढ्न अझै लघुवित्त संस्थाहरुलाई चुनौतीपूर्ण हुने देखिएको छ । यद्यपी संस्थाले यी चुनौतीहरुको शूक्ष्म अध्ययन गरी रणनीतिक योजना सहित संस्थाको दैनिक वित्तीय कारोवारलाई अघि बढाउने लक्ष्य राखेको छ ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासनका लागि संस्था सदैव प्रतिवद्ध रहेको छ । संचालक समितिका काम कारवाहीहरु तथा संस्थाका अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा संचालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनभूती गराउन संस्था सदैव क्रियाशील छ । संस्थाले संस्थागत सुशासन कायम गर्नको लागि नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायद्धारा जारी गरिएको निर्देशनहरुको पूर्ण कार्यान्वयनको लागि सञ्चालक समितिले विभिन्न नीति तथा निर्देशिकाहरु तयार गर्ने र उक्त नीति तथा निर्देशिकाहरुलाई व्यवस्थापन पक्षले कार्यान्वयन गर्दै आईरहेको छ ।

**७. सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने वुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।